कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र-संख्या: २०८२-२०८३ च.नं.: 2006 मिति : २०८२।०९।१४

**विषय:- सुशासन पुस्तकका लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना सम्बन्धमा।**

श्री प्रदेश प्रमुखको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री कर्णाली प्रदेश सभा, कर्णाली प्रदेश सभा सचिवालय, सुर्खेत।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री जलस्रोत तथा उर्जा विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री कर्णाली प्रदेश योजना आयोग, सुर्खेत।
श्री प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, सुर्खेत।
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, सुर्खेत।
श्री जिल्ला प्रशासन कार्यालय, कर्णाली प्रदेशका सबै जिल्ला।
श्री स्थानीय तह, कर्णाली प्रदेशका सबै स्थानीय तह।
श्री मध्यपश्चिम विश्वविद्यालय, कर्णाली प्रदेश, सुर्खेत।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सुशासन पुस्तक प्रकाशन गर्नका लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना पाना एक यसै पत्रसाथ संलग्न गरी पठाइएको छ। उक्त सूचना तहाँ कार्यालय/सचिवालय/मन्त्रालय/आयोग/प्रतिष्ठानका जनप्रतिनिधि, पदाधिकारी, कर्मचारी लगायत सबैलाई जानकारी गराउने व्यवस्था हुनका साथै तहाँको सूचनापाटीमा टाँस गरिदिनुहुन आदेशानुसार अनुरोध छ।

**सादर अवगतार्थ**
श्री प्रमुख सचिवज्यू, कर्णाली प्रदेश सरकार
श्री सचिवज्यू (सबै), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेत।

**बोधार्थ**
श्री महा/शाखा प्रमुखज्यूहरु (सबै),
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेत।

(रमेश वली)
शाखा अधिकृत

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

मिति: २०८२/०९/०७

सुशासन पुस्तकका लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना

यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार सुशासन पुस्तक प्रकाशन गर्ने कार्यक्रम रहेको छ। उक्त पुस्तक प्रकाशन गर्ने प्रयोजनार्थ प्रदेश सरकार मातहतका कर्मचारी तथा पदाधिकारीहरू लगायत बाह्य विज्ञहरूबाट समेत प्रदेश सरकारको सेवा प्रवाह र शासकीय प्रवन्ध, सार्वजनिक व्यवस्थापन, विकास व्यवस्थापन, सुशासन, सार्वजनिक सेवा प्रवाह, नवप्रवर्तनात्मक कार्य, प्रदेश सरकारसँगको अनुभव एवम् नीति, योजना तथा कार्यक्रमसँग सम्बन्धित विषयमा देहायको ढाँचा र सर्तमा रही लेख रचना मिति २०८२।११।२० गतेभित्र उपलब्ध गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

लेखमा समावेश हुनुपर्ने विषयहरू:

- शीर्षकरु
- लेखकको परिचय (नाम, पद, कार्यालय, विषय विज्ञता, अनुभव, फोन, इमेल, Digital Photo)
- लेखको सारांश
- मुख्य विषयवस्तु
- निष्कर्ष
- सन्दर्भ सामग्रीहरु

मापदण्ड / शर्तहरू:

- लेख रचना कालिमाटी फन्ट ११ साइजमा हुनुपर्नेछ।
- लेख रचना कम्तिमा २५०० देखि अधिकतम ५००० शब्दको हुनुपर्नेछ।
- भाषा नेपाली वा अङ्ग्रेजी वा दुबै भाषा प्रयोग गर्न सकिनेछ।
- लेख रचना छनोट र प्रकाशन गर्ने नगर्ने अधिकार यस कार्यालयमा रहनेछ।
- प्रकाशन भएको लेख रचना वापत लेखकलाई प्रचलित कानून बमोजिम पारिश्रमिक उपलब्ध गराइनेछ।
- अन्यत्र प्रकाशित भइसकेका र प्रकाशन हुने भएका लेख रचनाहरु उपलब्ध गराउन पाइने छैन तर समयानुकुल संशोधित विषय राखिएको भएमा प्रकाशन गर्न सकिनेछ।
- यस पुस्तकमा प्रकाशन भएका लेख रचनाको सर्वाधिकार प्रदेश सरकारमा रहनेछ।
- लेख रचना प्रकाशन भएको विषयमा सम्बन्धित लेखकले स्पष्ट पार्नुपर्नेछ।
- लेख रचनाको प्रिन्ट कपी सहित इमेल gov.ocmcmkarnali@gmail.com मा सफ्टकपी पठाउनु पर्नेछ।